# Prithvi Wangmaya

(A Peer-Reviewed & NepJOL Indexed Journal)
Vol. 15, 2025 (Print ISSN: 2565-490X)
Email: rmc.nepali@pncampus.edu.np
URL: https://ejournals.pncampus.edu.np/ejournals/pw/

Department of Nepali
Tribhuvan University
Prithvi Narayan Campus
Pokhara, Nepal


# पृथ्वी मल्लको कनकपत्र (१४१३) को वस्तुगत विश्लेषण

## (Factual Analysis of Prithvi Malla's *Kanakpatra* (1413))


**डा. यमनाथ तिमिल्सिना (Dr. Yem Nath Timilsina)**
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
(Department of Nepali, Prithvi Narayan Campus, Pokhara)



**Article History:**
Receved 02 June 2025, Reviewed 23 July 2025, Accepted 28 August 2025



**Corresponding Author:**
Yem Nath Timilsina; Email: yemnathtimilsina@gmail.com



DOI : https://doi.org/10.3126/pw.v15i1.85746



## सार (Abstract)

प्रस्तुत आलेख 'पृथ्वी मल्लको कनकपत्र (१४१३)' को वस्तुगत विश्लेषण गर्ने उद्देश्यले तयार गरिएको हो । यस आलेखमा मल्लको कनकपत्रमा वस्तुगत तथ्यहरूलाई के कसरी प्रस्तुत गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासालाई मुख्य समस्या बनाइएको छ । वस्तुगत सत्यमा विश्वास गरिएको यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचा अपनाइएको छ । एउटा प्रशासक (खससाम्राज्यको राजा) ले राजाज्ञा प्रसारित गर्दा कुन कुन तत्वलाई के कति महत्त्व दिएर के कसरी समायोजन गरेका छन् भन्ने कुरा यहाँ देखाइएको छ । मल्लको कनकपत्रमा विभिन्न वस्तु ( राजाज्ञाका अङ्गहरू) लाई अभिलेखमा कुशल शिल्पीले समायोजन गरेझैं गरी एकाकार पारिएको छ । यस आलेखमा बहुभाषिकता, कल्याणको कामना, प्रशस्ति, मातहतका प्रशासकलाई निर्देशन, ऐतिहासिकता/तिथिमिति, राजाज्ञा, मूल कथ्य (जग्गादान), पूर्वजप्रति सम्मान, आध्यात्मिक चेतना, कर मिनाह, भोगाधिकार, राजाज्ञा नतोड्न कडा चेतावनी, साक्षी र लेखक, मुद्पात (छाप लगाइएको), भाषिक स्वरूपलाई विश्लेषणको आधारका रूपमा उपयोग गरिएको छ । प्राचीन नेपाली (खस) भाषामा जारी गरिएको राजाज्ञा ऐतिहासिक तथा वर्तमानमा समेत प्रभाव पार्ने खालको देखिएको छ । यस आलेखमा प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीको अध्ययन गरी प्राप्त तथ्य तथा वस्तुतथ्यका आधारमा पाठविश्लेषण विधिको उपयोग गरी आलेखलाई पूर्णता दिइएको छ । सैद्धान्तिक अवधारणाका



*Copyright 2025 © The auther/s. This work is licensed under a* Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

आधारमा माथि चर्चा गरिएका चर (सूचक) हरू छनोट गरी कनकपत्रको विश्लेषण गरिएको छ। खससाम्राज्यका राजा पृथ्वी मल्लले आफ्ना गुरु तथा ज्योतिषी गोल्हु जोइसीलाई आखर पढाएका र चिना बनाएका भन्दै गुरु दक्षिणास्वरूप जुम्ला आसपासका विभिन्न जग्गाहरू दान दिएको केन्द्रीय कथ्यलाई यस कनकपत्रमा प्रस्तुत गरिएको छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ। (The present paper aims to make a factual analysis of Prithvi Malla's *Kanakpatra (1413),* a golden plate letter. This study mainly problematizes an inquiry about how the factual evidences have been presented in Malla's document. Based on factual evidences, the study has adopted qualitative research design. Malla's document depicts an account of how a ruler (King of Khas Kingdom) has coordinated the system of government while ruling over the kingdom. The document also presents different sectors of the government, which are skillfully united in the kingdom. For the purposes of language development, this paper has also utilized and analyzed the words from the documents such as multilingualism, desire for welfare, royal inscription, instructions for bureaucrats, historical dates, royal command, principal order (land gift), respect to ancestors, spiritual awareness, tax pardon, possessory rights, no breach of royal command, witness and clerk, and endorsed. The royal command used in ancient Nepali (Khas) language is still significant in the past and in the present time as well. Using both primary and secondary sources of information, this paper has employed a textual analysis approach for research. The abovementioned parameters have been selected as theoretical framework for analysis of the text. The study concludes that the document narrates about King Prithvi Malla of the Khas Kingdom who was educated by his teacher and astrologer Golhu Jaishi who recorded the King's birth date and received the pieces of land as a grant.)

**शब्दकुञ्जी** (Keywords) : खससाम्राज्य, राजाज्ञा, प्रशस्ति, बहुभाषिकता, जग्गादान (Khas Kingdom, royal command, royal inscription, multilingualism, land grant)

## विषयपरिचय

प्राचीन नेपालको सीमारेखा वर्तमान नेपालको जस्तो थिएन। काठमाडौँ उपत्यकामा मल्लहरूका राज्य थिए भने पूर्वी नेपालमा किराँतहरूका राज्य रहेका थिए। प्राचीन नेपालको पश्चिमी भूभाग विशेषगरी सिंजामा खसराज्य कायम थियो। सिंजामा सुरुमा आदिपालहरूले राज्यसञ्चालन गरेका थिए भने बाह्रौँ शताब्दीमा खारी प्रदेशका प्रभावशाली राजा नागराजले सिंजा कब्जा गरी खससाम्राज्यको स्थापना गरेका थिए। खससाम्राज्यका शासकहरूले नै जनसाधारणले बोल्ने खस भाषालाई राजकीय मान्यता दिई अभिलेखन कार्यको सुरुआत गरे। खस जाति (ब्राह्मण, क्षेत्री, ठकुरी, डुम, सन्यासी आदि) ले बोल्ने भाषा भएकाले सिंजाक्षेत्रमा बोलिने भाषाको नाम पनि खस भाषा नै राखिएको देखिन्छ। खस भाषामा लेखिएको पहिलो अभिलेख 'वामु खड्काको स्तम्भलेख (वि.सं. ११५१)' हो भने नागवंशज 'अशोक चल्लको ताम्रपत्र (वि.सं. १३१२) राजाज्ञा प्रसारित गरिएको पहिलो अभिलेख हो। 'पृथ्वी मल्लको कनकपत्र (वि.सं. १४१३)' जुम्लाबाट प्रसारित गरिएको गुरु तथा ज्योतिषी

गोल्हु जोइसीलाई जग्गा बिर्ता दिइएको दानपत्र हो । यस कनकपत्रलाई योगी नरहरिनाथले 'इतिहास प्रकाश अङ्क २, भाग १ (२०१३)' मा प्रकाशित गरेका छन् ।

प्राचीन नेपाली (खस) भाषामा टङ्कण गरिएका अभिलेखहरूको खोज तथा सङ्कलनमा धेरै अग्रज शोधकर्ताहरूको योगदान रहेको छ । योगी नरहरिनाथ (२०१३, २०२२), बालकृष्ण पोखरेल (२०२०, २०४३, २०७५), धनवज्र वज्राचार्य (२०३०), पूर्णप्रकाश नेपाल 'यात्री' (२०३४, २०३८, २०३९), रामविक्रम सिंजापति (२०५३), सूर्यमणि अधिकारी (२०४३, २०५५), राजाराम सुवेदी (२०५६), यमनाथ तिमिल्सिना (२०६३), विदुर चालिसे (२०७४) आदिले नेपाली अभिलेखहरूको खोज तथा सङ्कलन र शब्दार्थ विवरण प्रस्तुत गरेका छन् । अग्रज विद्वान्हरूबाट 'पृथ्वी मल्लको कनकपत्र (१४१३)' को पनि सङ्कलन र सामान्य चर्चा गरिएको पाइन्छ । उक्त कनकपत्रको विस्तृत अध्ययन गरिएको पाइँदैन । 'पृथ्वी मल्लको कनकपत्र (१४१३)' को वस्तुगत विश्लेषण नगरिएकाले ज्ञानको रिक्तता देखिएको छ । सोही रिक्तता परिपूर्तिका लागि 'पृथ्वी मल्लको कनकपत्र (१४१३)' मा उठान गरिएका वस्तुगत तथ्य के कस्ता छन् ? भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्यले यो आलेख तयार गरिएको हो । उक्त कनकपत्रको वस्तुगत विश्लेषणका लागि छनोट गरिएका चरहरू (बहुभाषिकता, कल्याणको कामना, प्रशस्ति, मातहतका प्रशासकलाई निर्देशन, ऐतिहासिकता/तिथिमिति, राजाज्ञा, मूल कथ्य (जग्गादान), पूर्वजप्रति सम्मान, आध्यात्मिक चेतना, करमिनाह, भोगाधिकार, राजाज्ञा नतोड्न कडा चेतावनी, साक्षी र लेखक मुदपात (छाप) र भाषिक स्वरूपका कोणबाट विश्लेषण गर्नु यस अध्ययनको क्षेत्र हो भने उक्त कनकपत्रलाई अन्य कोणबाट नहेर्नु तथा अन्य अभिलेखको अध्ययन विश्लेषण नगर्नु यस अध्ययनको सीमा हो । ऐतिहासिक पृष्ठभूमिमा वस्तुसत्यको उद्घाटन, गुणात्मक अनुसन्धान ढाँचा र पाठविश्लेषण विधिको अवलम्बन यस अध्ययनमा गरिएको छ । कनकपत्रमा निहित वस्तुगत विश्लेषणका लागि निर्धारित चर (सूचक) का आधारमा गरिएको यो अध्ययन वस्तुसत्यमा आधारित, नवीन, मौलिक र प्राज्ञिक मूल्यका दृष्टिले उपयोगी रहेकाले औचित्यपूर्ण देखिएको छ ।

## अध्ययनविधि

खससाम्राज्यका शासकहरूको राज्यसञ्चालनका लागि विशेष आम्दानीको स्रोत देखिँदैन । तत्कालीन समयमा नागिरकहरूबाट छत्तीसी तथा बत्तीसी नामक कर र रकमहरू उठाएर शासकहरूले राज्य चलाउने गरेको पाइन्छ । आफूलाई गुन लगाएका व्यक्तिलाई दक्षिणा वा पारिश्रमिक तथा उपहार दिनु पऱ्यो भने शासकहरूले आदेशमार्फत चार किल्ला तोकेर जग्गा बिर्ता दिने गरेको पाइन्छ । प्रस्तुत अध्ययनमा पनि खससाम्राज्यका राजा पृथ्वी मल्लले आफ्ना गुरु तथा ज्योतिषी गोल्हु जोइसीलाई जन्मपत्रिका (चिना) बनाएका र आखर पढाएबापत पारिश्रमिकस्वरूप नगद नदिई विभिन्न ठाउँको जग्गा (खेतबारी) बिर्ता दिएका छन् । सीमित आम्दानीभित्र रहेर शासकहरूले व्यवहार गर्नुपर्ने वास्तविक सत्यलाई पुष्टि गर्नका लागि 'पृथ्वी मल्लको कनकपत्र' को सूक्ष्म अध्ययन गरेर प्राप्त साक्ष्य वा प्रमाणका आधारमा वस्तुगत विश्लेषण गरी ज्ञाननिर्माण गरिएको छ । यस आलेखमा अध्ययनको क्षेत्रसँग सम्बद्ध 'पृथ्वी मल्लको कनकपत्र' लाई सामग्रीको आधार र नमुनाको आधारका रूपमा ग्रहण गरिएको छ ।

प्राथमिक स्रोतका सामग्रीका रूपमा योगी नरहरिनाथद्वारा प्रकाशित 'इतिहास प्रकाश अङ्क २, भाग १ (२०१३)' मा सङ्कलित 'पृथ्वी मल्लको कनकपत्र (१४१३)' तथा द्वितीयक स्रोतका सामग्रीका रूपमा वस्तुगत विश्लेषणसँग सम्बद्ध सैद्धान्तिक तथा ऐतिहासिक' सामग्री रहेका छन् । यिनै प्राथमिक तथा द्वितीयक सामग्रीबाट तथ्यसङ्कलन गरी समस्याको समाधान गरिएको छ। उक्त दुवै प्रकृतिका सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएको हो ।

## *विश्लेषण पद्धति*

गुणात्मक ढाँचा अवलम्बन गरिएको प्रस्तुत आलेखमा खससाम्राज्यका शासकहरूले राजाज्ञामार्फत नीतिनियम तथा दानदातव्य आदि सार्वजनिक गरी आफूले दिएको आदेश परिपालन गरून् भन्ने उद्देश्य राखेको तथ्यलाई महत्त्व दिइएको छ । यस अध्ययनमा अभिलेखन, राजाज्ञा, जग्गादान आदिलाई वस्तुगत विश्लेषणको सैद्धान्तिक आधार बनाइएको छ। कनकपत्रको वस्तुगत विश्लेषण गर्दा निर्धारित चर (सूचक) लाई विश्लेषण पद्धतिका रूपमा उपयोग गरिएको छ ।

## *सैद्धान्तिक अवधारणा*

नागराज (चाप प्रथम) पुराङ (खारी प्रदेश) का प्रभावशाली राजा हुन्। पुराङका तत्कालीन समयमा तीन ओटा राजधानी भएको पाइन्छ : ताकलाखार (ताकलाकोट) वर्तमान तिब्बतको मानसरोवर क्षेत्र, गेला (आदि पालहरूको राजधानी) - भारतको उत्तराखण्ड ( कश्मीर, गढवाल र कुमाऊ) र याचे (सिंजा) - नेपालको पश्चिमी भूभाग । यी तीन राजधानीको केन्द्र ताकलाखर थियो भने गेला र याचेमा पनि पुराङहरूकै निर्देशनमा प्रतिनिधि खटाउने गरेको पाइन्छ। सिंजामा सुरुमा सपादलक्षका, स्वामी जालन्धरी राजा भएको देखिन्छ । भेरी (मल्लभूमि) का मल्लहरूले सिंजामा आफ्नो अधिकार जमाएपछि जालन्धरी र उनका वंशको नेतृत्व गुमेको बुझिन्छ । खारी प्रदेशका राजा नागराजले सिंजालाई कब्जा गरेपछि मल्लहरूको नेतृत्व पनि सिंजाबाट गुम्छ र नागराजका वंशमा पुग्छ। यसरी नागराजले सिंजामा आफ्नो राज्य स्थापना गरी नियम बाँधी दिए (नरहरिनाथ, २०१३, पृ. ५८-६१)। सिंजालाई कब्जा गरी सकेपछि नागराजको तिब्बती राजा स्रङकोसँग धर्मका विषयमा विवाद बढ्दै गएको देखिन्छ। स्रङको लामा सम्प्रदायका बौद्धमार्गी थिए भने नागराज लामा सम्प्रदायका विरोधी नागधर्मी बौद्ध मार्गी थिए। स्रङकोसँग विवाद बढेकै समयमा नागराजले आफ्ना छोरा चाप (द्वितीय) लाई सिंजाको राजप्रतिनिधि बनाई पठाएका थिए। नागराजको मृत्युपूर्व नै चाप (द्वितीय) को मृत्यु भएकाले सिंजामा नागराजपछि नाति चापिल्ल राजा भए (तिमिल्सिना, २०८०, पृ. २२)। त्यसपछि क्रमशः क्राशिचल्ल क्राधिचल्ल, क्राचल्ल, अशोक चल्ल आदि सिंजामा राजा भएको देखिन्छ ।

नागवंशज क्राचल्लले महाकाली पश्चिमका राज्य गढवाल र कुमाऊमा अधिकार जमाएका थिए भने अशोक चल्लले केदारखण्ड विजय गरेका थिए। अशोक चल्लका छोरा जितारिले चल्ल पद्वी छोडी मल्ल पद्वी ग्रहण गरेको पाइन्छ। तसर्थ नागवंशज राजाहरूले जितारि मल्लका पालादेखि 'चल्ल' छोडी 'मल्ल' लेख्न थाले। जितारि मल्ल र आदित्य मल्लले गण्डकी प्रदेश विजय गर्दै काठमाडौं उपत्यकामा समेत आक्रमण गरेका थिए (खनाल, २०६८, पृ. ७-८)। जितारि मल्लको पालामा खससाम्राज्यको

उन्नति र विकास द्रुततर गतिले भएको थियो भने आदित्य मल्लको समयमा आइपुग्दा खससाम्राज्यका पतनका लक्षणहरू देखापर्न थाले । जितारि मल्लका दुई छोरा थिए आदित्य मल्ल (जेठो) र रिपु मल्ल (कान्छो) । जितारि मल्लपछि आदित्य मल्ललाई राजा हुन नदिई कान्छो छोरा रिपु मल्ल राजा भएको पाइन्छ । रिपु मल्लपछि उनकै छोरा सङ्ग्राम मल्ल राजा हुनुपर्नेमा आदित्य मल्लले निहुँ खोजी सङ्ग्राम मल्ललाई मारे (वा युद्धमा सङ्ग्राम मल्ल मारिए) त्यसपछि आदित्य मल्ल राजा भए । आदित्य मल्लले सङ्ग्राम मल्लसँगको झगडामा छोरीज्वाइँ पुण्य पालको सहयोग लिएका थिए ।

सङ्ग्राम मल्लका छोरा प्रताप मल्ल निसन्तान भएका र आदित्य मल्लका छोराको कतै चर्चा नभएकाले वंश टुङ्गिएको बुझिन्छ । आदित्य मल्लपछि उनकै छोरी शकुनमालाका पति पुण्यपाललाई थर र गोत्र फेरी सिंजाको राजा बनाएको देखिन्छ । पुण्य पाल (पछि मल्ल) गेलावंशका थिए । सन् ९३० भन्दापूर्व आदिपाल (क्राशिचनले हिमजिउ (त्रिमा) लाई दिएको राज्य (दान) आदिपालवंशज पुण्य मल्लले चार शताब्दीपछि दानकै रूपमा फिर्ता लिए (पोखरेल, २०७५, पृ. ६३९) । ससुरा आदित्य मल्लको मृत्युपछि पुण्य मल्लले सङ्ग्राम मल्लको छोरा भदा प्रताप मल्ललाई विवाह नै हुन नदिई स्वयम् आफू राजा भए । पुण्य मल्ल सूर्यवंशी नरेश आदिपालका वंशज जीवपाल (जयाख्या) का छोरा हुन् । पुण्य मल्लपछि उनका छोरा पृथ्वी मल्ल खससाम्राज्यका राजा भए । पृथ्वी मल्ल फरोज तुकलगसँग हारेपछि खससाम्राज्य टुक्रिएको पाइन्छ । पृथ्वी मल्लपछि सिंजाको राजा सूर्य मल्ल भएको देखिन्छ । सूर्य मल्ल पृथ्वी मल्लका छोरा नभएर पुण्य मल्लका जेठा छोरा हुन् । दाजु (सूर्य मल्ल) लाई बाज (धर्माधिकारी) बनाएर भाइ (पृथ्वी मल्ल) ले राज (राज्याधिकारी) को नेतृत्व गरेका थिए । तत्कालीन समयमा राजाको टाठो छोरो राज र सोझो वा कमजोर छोरो बाज बन्ने प्रचलन रहेको देखिन्छ । यस आलेखमा यिनै पृथ्वी मल्लद्वारा प्रसारित कनकपत्रको वस्तुगत विश्लेषण गरिएको छ ।

अभिलेख भनेको सुन, तामाका पाता वा ढुङ्गा आदिमा कुनै महत्त्वको विषय लेखिएको वा टङ्कन गरिएको लेखका साथै विविध महत्त्वको सामग्री भएको प्राचीन लेख हो । नेपाली भाषामा लेखिएका कनकपत्र, ताम्रपत्र, शिलापत्र आदिलाई नेपाली अभिलेख भनिन्छ । नेपाली भाषामा अभिलेखनको सुरुआत शाके १०१६ (वि.सं. ११५१) को वामु खड्काको स्तम्भलेखबाट भएको पाइन्छ (खनाल, २०६८, पृ. १७) । नेपाली अभिलेखहरू बढी मात्रामा गण्डकी, भेरी, सेती, कर्णाली र महाकाली प्रस्रवण क्षेत्रमा रहेका छन् भने केही अभिलेख वर्तमान भारतको उत्तराखण्डमा भेटिएका छन् । प्राचीन नेपाली (खस) मा लेखिएका अभिलेखहरू ७५ प्रतिशत तामाका पातामा कुँदिएका छन् भने २५ प्रतिशत ढुङ्गामा कुँदिएका छन् । केही अभिलेख तामाका पातामा सुनको मोलम्बा (जलप) लगाएर लेखिएका छन् भने पृथ्वी मल्लको कनकपत्र (१४१३) सुनकै पातामा लेखिएको बुझिन्छ । “पृथ्वी मल्लको कनकपत्र जुम्ला पाँचसयदरा सेरी-ढुस्काका मुखिया धनञ्जय रेग्मीको सङ्ग्रहमा सुरक्षित छ । पत्रको दायाँतर्फ पुछारमा ‘पृथ्वी मल्ल’ अङ्कित चार कुने खड्गाङ्कित राजमुद्रा छ । यसमा संवत् श्रीशाके १२७८ दिइएको छ” (खनाल, २०६८, पृ. ६९) । उक्त अभिलेखलाई सुनकै पातामा कुँदिएको पहिलो नेपाली अभिलेखन मानिन्छ । त्यस समयमा विशेष महत्त्व पाएको हुनाले यस कनकपत्रलाई अध्ययनको विषय छनोट गरिएको हो ।

खससाम्राज्यका नेपाली अभिलेखहरूलाई वस्तुगत हिसाबले सामान्यतया चार समूहमा राखी चर्चा गर्ने प्रयास गरिएको छ : राजाज्ञा वा राजकीयपत्र, वंशावली वा प्रशस्ति, दानदातव्य वा अग्रहार र भाइभारद्वार एवम् जनसाधारणद्वारा स्थापित शिलालेख । प्रस्तुत अध्ययन राजाज्ञा वा राजकीय आदेशसँग सम्बन्धित छ। तसर्थ यस आलेखमा उक्त बुँदाको मात्र चर्चा गरिएको छ। कर्णाली प्रस्रवण क्षेत्रमा शासकहरूद्वारा प्रसारित राजाज्ञा वा राजकीय पत्रहरू प्राचीन नेपाली अर्थात् खस भाषामा लेखिएका छन्। धेरैजसो पत्रहरू तामाका पाताको माथिल्लो भाग देवनागरी र तल्लो भाग तिब्बती लिपिमा कुँदिएका पाइन्छन्। यस्ता पत्रहरू राजाद्वारा प्रसारित प्रशासनिक आलेखका रूपमा प्राप्त छन् र यसमा उल्लिखित आदेशको पालना गर्नुपर्ने र नगर्नेलाई दण्ड दिइने कुराको प्रसङ्ग जोडिएको पाइन्छ ( खनाल, २०६८, पृ. १४) । पृथ्वी मल्लको कनकपत्र (१४१३) सुनका पातामा लेखिएको महत्त्वपूर्ण दानपत्र हो। यो कनकपत्र जुम्लाबाट प्रसारित भएको पाइन्छ। पछिल्लो समयमा कनकपत्र कुँदिएको देखिँदैन ।

'पृथ्वी मल्लको कनकपत्र (१४१३)' को वस्तुगत विश्लेषणका लागि निम्न चर (सूचक) हरू छनोट गरी उपयोग गरिएको छ : बहुभाषिकता, कल्याणको कामना, प्रशस्ति र सूक्ति, तिथिमिति, राजाज्ञा, मूल कथ्य (जग्गादान), पूर्वजप्रति सम्मान, करमिनाह, भोगाधिकारको सुनिश्चितता, राजाज्ञा नतोड्न कडा निर्देशन, साक्षी तथा लेखक आदि। एउटै अभिलेखमा एकभन्दा बढी भाषाको प्रयोग गर्नुलाई बहुभाषिकता भनिन्छ भने राजा महाराजादेखि सर्वसाधारण सबैको कल्याण होस् भनी चिताउनु कल्याणको कामना हो। राजा महाराजाहरूको गुणगान गर्नुलाई प्रशस्ति भनिन्छ भने महत्त्वपूर्ण भनाइलाई सुक्ति भनिन्छ। अभिलेख, टङ्कन गराउँदाको मितिलाई तिथिमिति भनिएको हो भने राजाको आदेशलाई राजाज्ञा भनिएको छ। अभिलेखमा उठाइएको मूल विषयलाई मूल कथ्य भनिएको छ। यस अभिलेखको मूल कथ्य जग्गादान हो। राजाज्ञा जारी गर्दा आफ्ना पुर्खालाई सम्झिएको कुरालाई यहाँ पूर्वजप्रति सम्मान भनिएको छ। दिइएको जग्गामा कुनै कर नलाग्ने व्यवस्था मिलाइएको हुँदा कर मिनाहा भनिएको हो। जग्गादान दिएका व्यक्तिका सन्तानलाई पनि जग्गाको भोगाधिकार दिइएको छ। राजाको आदेश नतोडी पालना गर्न चेतावनी दिइएको छ। अभिलेख टङ्कन गर्दाका साक्षीहरूको नाम र लेखकको नाम पनि समेटिएको छ। त्यसैगरी 'पृथ्वी मल्ल' अङ्कित मुदपात (छाप) लगाई राजाज्ञालाई प्रमाणित गरिएको छ।

## विमर्श र नतिजा

खससाम्राज्यका शासकहरूले राजाज्ञा वा राजकीय आदेश, वंशावली वा प्रशस्ति र दानदातव्य वा अग्रहार ज्योतिषी र पण्डितलाई लेख्न लगाई टमोटालाई सुन-तामाका पातामा तथा ढुङ्गामा खोप्न लगाएर प्रसारित गरेको पाइन्छ। त्यस समयमा भाइभारदार एवम् जनसाधारणद्वारा स्थापित शिलालेख पनि कर्णाली प्रदेशका विभिन्न स्थानमा पाइएका छन्। यस्ता ढुङ्गे खम्बाहरू तीन प्रकारका देखिन्छन्- कीर्ति स्तम्भ, वीर स्तम्भ र अभिलेख विनाका कलात्मक देवल अर्थात् स्तम्भ। देवल वा स्तम्भहरूमा चक्र, सूर्य, कुम्भ, खड्ग, घोडा, कमलाकार फूलबुट्टाले सिँगारिएका पाइन्छन्। यसै क्रममा पुण्य मल्लका कान्छा छोरा पृथ्वी मल्लले कनकपत्र (१४१३) प्रसारित गरेको पाइन्छ। गरुदक्षिणास्वरूप जग्गा

बिर्ता दिइएको मूल कथ्य भएको यो अभिलेख विभिन्न कोणबाट महत्त्वपूर्ण मानिन्छ। यस आलेखमा उक्त कनकपत्रमा लेखिएको बेहोरालाई विभिन्न चरका आधारमा वस्तुगत विश्लेषण गरिएको छ।

### *बहुभाषिकता*

खससाम्राज्यकालीन अभिलेखहरूमा तीन ओटा भाषाको प्रयोग गरिएको पाइन्छ। अभिलेखको सुरुमा संस्कृत भाषामा प्रशस्ति, मूल विषय खस/प्राचीन नेपाली भाषामा र अभिलेखको अन्त्यतिर तिब्बती भाषा वा जाडभाषामा अभिलेखन गरेको देखिन्छ। तिब्बती भाषा विशेषगरी बौद्ध गुम्बा र लामाहरूका नाउँमा प्रसारित अभिलेखहरूमा प्रयोग गरेको पाइन्छ। तात्कालिक शासकहरूद्वारा प्रसारित प्रशासनिक पत्रहरूमा सबै भाषाभाषीले बुझून् भन्ने उद्देश्यले माथिल्लो भागमा नेपाली भाषा र तल्लो भागमा तिब्बती भाषा प्रयोग गरी अभिलेख राखिएको पाइन्छ।

पृथ्वी मल्लको कनकपत्रमा नेपाली र संस्कृत भाषाको मात्र प्रयोग गरिएको छ भने तिब्बती भाषा प्रयोग गरिएको छैन। अभिलेखको सुरुमा संस्कृत भाषामा राजा पृथ्वी मल्लको प्रशस्ति लेखिएको छ। त्यसैगरी अभिलेखको बिच भागमा संस्कृत भाषामा सूक्ति लेखी राजाज्ञा नतोड्न कडा निर्देशन दिइएको छ। अभिलेखको तिथिमिति पनि संस्कृतमा नै लेखिएको पाइन्छ। अभिलेखको मूल कथ्य वा जग्गादान किन, कसलाई, के गरेबापत दिइएको हो भन्ने जानकारी नेपाली भाषामा लेखिएको छ। संस्कृत भाषाको नमुना यसप्रकार छ : "ॐ स्वस्ति। ... परमभट्टारक महाराजाधिराज परमेश्वर राजतारतरणि श्रीमत्पृथ्वीमल्लदेवाः। सान्तःपुर परिवाराः विजयिनः श्री शाके १२७८ श्रावण सुदि १० शुक्रे, राइको आदेश" (खनाल, २०६८, पृ. ६९)। अभिलेखको मूल भाग नेपाली भाषामा लेखिएको छ। प्राचीन नेपाली भाषाको नमुना यसप्रकार छ : "... मेरि जन्मौति ढोया आखर् पढायाका प्रसाद गोहलु जोइसि कनकपत्रकि भाषा पसाकरि अक्न्याँ छुँ" (खनाल, २०८६, पृ. ६९)। त्यस समयमा पण्डित तथा ज्योतिषीहरूले प्रयोग गर्ने भाषा र शास्त्र संस्कृत भाषामा हुने गरेको पाइन्छ भने जनसाधारणको भाषा खस (प्राचीन नेपाली) रहेको पुष्टि हुन्छ। खसशासकले दुवै थरीलाई महत्त्व दिएर संस्कृत र नेपाली भाषा प्रयोग गरेको देखिन्छ।

### *कल्याणको कामना*

नेपाली अभिलेखहरूको सुरुमा 'ॐ स्वस्ति' र अन्त्यमा 'शुभम्' लेखिएको पाइन्छ। 'स्वस्ति र शुभम्' लेख्ने कामको थालनी नेपाली भाषामा लेखिएको पहिलो अभिलेख वामुखड्काको स्तम्भलेख (वि.सं. ११५१) बाटै भएको देखिन्छ। पृथ्वी मल्लको कनकपत्रमा राजामहाराजादेखि जनसाधारणसम्म सबैको कल्याणको कामना गरिएको छ। अभिलेखको सुरुआतमा नै 'ॐ स्वस्ति' लेखी सबैको कल्याणको चाहना गरिएको पाइन्छ। त्यसैगरी राजा पृथ्वी मल्लले सधैँ विजय प्राप्त गरून् भन्ने सकारात्मक विश्वास व्यक्त गरिएको पाइन्छ- 'श्रीमत् पृथ्वी मल्लदेवाः सान्तःपुर परिवाराः विजयिन।' त्यस्तै अभिलेखको अन्त्यमा 'शुभमस्तु' लेखी सबै पक्ष (सूचना प्रसारित गर्ने राजामहाराजा, लेखक, साक्षी र जसलाई जग्गादान दिइएको हो उसलाई पनि) को भलो चिताइएको छ। यसरी शासकदेखि शासितसम्म सबैको भलो चिताएर अभिलेख टुङ्ग्याइएको पाइन्छ।

### *प्रशस्ति*

राजामहाराजा वा ठुलाबडाको गुणगान गाउनु र प्रशंसा गर्नुलाई प्रशस्ति भनिन्छ। नेपाली भाषामा प्रशस्ति लेखिएको पहिलो अभिलेख अक्षय मल्लको रजतपत्र (वि.सं. १३२७) हो। पृथ्वी मल्लको कनकपत्रमा पनि यही परम्परालाई पछ्याइएको छ। नेपाली अभिलेखमा प्रशस्ति संस्कृत भाषामा लेखिएको पाइन्छ। राजामहाराजाको नामै किटान गरेर विभिन्न पद्वी उल्लेख गरी सधैँ युद्धमा विजयी बनून् भन्ने कामनासहित प्रशस्ति लेखिएको पाइन्छ। पृथ्वी मल्लको कनकपत्रमा उल्लेख भएको प्रशस्ति यसप्रकार रहेको छ - "ॐ स्वस्ति। स्वस्तिकनंद्यावर्त श्रीविशालचतुःशालसुधाधवल सौधोत्सँगसँगतांगनासंगीत मनोहरे। ... वलिनारायणसूर्यचंद्रविमुक्तोत्तपमान राजभत्तार, सरस्वतीराजकंठाभरण ... परम भट्टारक महाराजाधिराज परमेश्वरराजताराताराणि श्रीमत्पृथ्वीमल्लदेवाः। सान्तःपुर परिवाराः विजयिनः" (नरहरिनाथ, २०१३, पृ. ४९)। पृथ्वी मल्लको कनकपत्रमा संस्कृत भाषामा लामो प्रशस्ति लेखिएको छ। यहाँ छोट्याएर उदाहरण प्रस्तुत गरिएको हो।

### *मातहतका प्रशासकलाई निर्देशन*

पृथ्वी मल्लको कनकपत्रमा राजाज्ञालाई लागु गराउन भनी जुम्ला, दुल्लु, कुइना, पलाँता, रासकोट आदि क्षेत्रका अधिकारी, कार्की, खड्का, बुढा थापा, छिद्याँका अडै, अधिकारी, व्यापारी, साहुमहाजनहरूलाई निर्देशन दिएका छन्। राजाले घोषणा गरेको कुरा लागु गर्ने काम मातहतका अधिकारप्राप्त व्यक्तिहरूको हुने हुँदा उनीहरूलाई सचेत बनाउँदै राजाज्ञा जारी गरिएको पाइन्छ। कनकपत्रमा लेखिएको बेहोरा यसप्रकार छ : 'जुमला दुल्लु कुइना पलाँता राकस्कोटका अधिकारि कार्कि खड्गाह बुढा थापा छिद्याँका अडै अधिकारि वियापारि साहानि सभौप्रति' (खनाल, २०६८, पृ. ६९)। यसरी मातहतका विभिन्न क्षेत्रका प्रमुख अधिकारप्राप्त व्यक्तिहरूलाई राजाज्ञा लागु गर्न गराउन निर्देशन गरिएको छ।

### *ऐतिहासिकता/तिथिमिति*

नेपाली अभिलेखमा प्रायः अभिलेख टङ्कन गर्दाको समय उल्लेख गरिएको पाइन्छ। छोटो मिति वामु खड्काको स्तम्भलेख (११५१) बाट सुरु गरिएको छ : 'श्रीसाके १०१६' (खनाल, २०६८, पृ. १७)। साकेमा १३५ वर्ष जोडेपछि विक्रम संवत् हुन आउँछ। पृथ्वी मल्लको कनकपत्रमा प्रसारण गरिएको मिति यसरी लेखिएको छ : 'श्री शाके १२७८ श्रावण सुदि १० शुक्रे' राइको आदेश। तत्कालीन समयमा शाके संवत् लेख्ने चलन रहेछ। उक्त मितिलाई नेपालीमा यसरी अर्थ्याउन सकिन्छ : विक्रम संवत् १४१३ श्रावण महिनाको शुक्लपक्ष दशमी तिथि शुक्रबारका दिन राजाबाट आदेश गरियो भन्ने कुरा कनकपत्रको तिथिमितिबाट बुझ्न सकिन्छ। ऐतिहासिक दृष्टिले यो कनकपत्र खससाम्राज्यको विघटनपूर्वको अर्थात् पन्ध्रौँ शताब्दीको सुरुतिरको हो।

### *राजाज्ञा*

प्राचीन तथा मध्यकालीन नेपालमा राजामहाराजाहरूको आदेश नै नियम कानुन हुँदो रहेछ। कुनै नयाँ तथा महत्त्वपूर्ण निर्णय प्रसारण गर्नुपर्‍यो भने राजाज्ञामार्फत गरिँदो रहेछ। राजाज्ञा जारी गरिएको पहिलो नेपाली अभिलेख अक्षयमल्लको रजतपत्र (१३२७) हो। अक्षयमल्लले बसालेको परम्परालाई पृथ्वी मल्लले पनि

पछ्याएका छन् । पृथ्वी मल्लको कनकपत्रमा पनि राजा पृथ्वी मल्लले आफ्ना गुरु तथा ज्योतिषी गोल्हु जोइसीलाई गुरुदक्षिणास्वरूप विभिन्न ठाउँको जग्गा बिर्ता दिएको कुरा घोषणा गरेका छन् । 'राइको आदेश' भनेको राजाले आदेश गरे भन्नु हो । शाके १२७८ मा राजा पृथ्वी मल्लले कनकपत्रमा जग्गाको विवरण दिएर पारिश्रमिकका रूपमा गोल्हु जोइसीलाई जग्गादान गरेको कुरालाई राइको आदेश भनिएको छ। त्यस समयमा नगदको अभाव देखिन्छ। राजा महाराजाले नगदको सट्टा जग्गा बिर्ता दिने चलन रहेछ। जग्गा बिर्ता दिने प्रचलन धेरैपछिसम्म रहेको पाइन्छ। कानुन नभएको अवस्थामा राजाको आदेश नै कानुनसरह हुने देखिन्छ। राजाज्ञालाई कसैले पनि उल्लङ्घन गर्न सक्दैनथे । यदि राजाज्ञा उल्लङ्घन भयो भने दण्डको व्यवस्था गरेको कुरा पनि कनकपत्रमा लेखिएको छ ।

### *मूल कथ्य (जग्गादान)*

पृथ्वी मल्लको कनकपत्रको मूल विषय वा कथ्य भनेको गोल्हु जोइसीले राजा पृथ्वी मल्लको जन्मपत्रिका (चिना) लेखिदिएका र आखर् (कखरा) पढाएका हुनाले प्रसादस्वरूप ( पारिश्रमिक) गमौदी, बाँजकोट, कुइना, हेपकोट, छिद्याँ आदि ठाउँको खेत-पाखो जग्गादान गरी राजाज्ञा प्रसारण गरेको कुरा नै हो । त्यस समयमा आ. १ = एक सय मुरी विजन भएको खेत भन्ने हुँदो रहेछ। राजाले गोल्हु जोइसीलाई विभिन्न ठाउँको गरी सात सय पचास मुरी विजन भएको खेत बिर्ता दिएका छन्। राजा महाराजाहरूको आम्दानीको स्रोत खासै नभएकाले जग्गादान ( बिर्ता) दिने प्रचलनबमोजिम पृथ्वी मल्लले पनि आफूलाई पढाएका र आफ्नो चिना लेखिदिएको हुनाले गोल्हु जोइसीलाई प्रसादस्वरूप जग्गादान गरेको देखिन्छ। पृथ्वी मल्लले यस अभिलेखमा उल्लेख गरिएको कुरालाई विशेष महत्त्व दिएर सुनका पातामा लेखी नियम बसालेर प्रसारण गरेका हुन् । उनीपूर्व एक दुई अभिलेख तामाका पातामा सुनको मोलम्बा (जलप) लगाएर लेखिएका थिए भने पृथ्वी मल्लले सुनकै पातामा लेखेर राजाज्ञा प्रसारण गरे। तसर्थ यस अभिलेखलाई कनकपत्र भनिएको हो ।

### *पूर्वजप्रति सम्मान*

पृथ्वी मल्लको कनकपत्रमा राजाज्ञा प्रसारण गर्दा आफ्ना पूर्वजहरूलाई स्मरण गरिएको पाइन्छ। गोल्हु जोइसीलाई कनकशासन गरी जग्गा दिँदा भनिएको छ : "पूर्वीलि आदित्यमल्ल राइका पुण्यमल्ल राइका तारादेइ गोसाई तिपाय हिमजिउकि सूर्यग्रहण चंद्रग्रहण सङ्कल्प घाली पसा करि अक्रि। ... च्यापाजिउ हिम्जिउका आप्ना पुण्य निमित्तँ धर्मशासन करि पसा करि अक्र्याँ छुँ" (पोखरेल, २०४३, पृ. २७-२८)। अर्थात् पहिलेका पुर्खा आदित्य मल्ल राजा, पुण्य मल्ल राजालाई स्मरण गर्दै तारादेवी ( महारानी), गोस्वामी र हिमजिउ (पूर्वजमध्ये एक) का चरण त्रयमा सूर्यग्रहण चन्द्रग्रहणमा सङ्कल्प गर्दै दिइएको जग्गा आफूलाई पनि पुण्य होस् भनी धर्मशासन गरी निगाह गरेको छु अथवा सूर्यचन्द्र रहुन्जेलसम्म नछुट्ने गरी जग्गादान गरेको छु भनिएको छ। यसबाट थाहा हुन्छ कि पृथ्वी मल्लले बाबु पुण्य मल्ल र हजुरबुबा आदित्य मल्ल, पूर्वज महारानी तारादेवीलाई सम्झेर पूर्वजप्रति सम्मानभाव व्यक्त गरेको पाइन्छ ।

### *आध्यात्मिक चेतना*

पृथ्वी मल्ल आध्यात्मिक चेतना भएका राजा देखिन्छन् । पुर्खाहरूलाई सम्मान गर्नु, चन्द्र

ग्रहण-सूर्य ग्रहणमा सङ्कल्प गरी जग्गा दान गर्नु, दिएको जग्गा खोस्ने साठी हजार वर्षसम्म नरकमा पर्छ भन्नु र जग्गादान गर्ने मान्छे साठी हजार वर्षसम्म स्वर्गमा बस्न पाउँछ भन्नु जस्ता तथ्यले पृथ्वी मल्लमा आध्यात्मिक चेतना भएको प्रमाणित हुन्छ। गुरु तथा ज्योतिषी गोल्हु जोइसीलाई जग्गादान गर्नु र कुनै प्रकारको कर नलाग्ने व्यवस्था मिलाउनाले पनि उनी धार्मिक भाव भएका राजा हुन् भन्न सकिन्छ।

### *करमिनाह*

खससाम्राज्यका शासकहरूले सर्वसाधारणबाट जग्गा कमाएबापत विभिन्न कर उठाउने गरेको पाइन्छ। खससाम्राज्यका मातहतमा रहेका रजौटा वा सामन्तहरूले पनि कर उठाएर जनसाधारणलाई दुःख दिने गरेको बुझिन्छ। करमिनाहा गरिएको पहिलो नेपाली अभिलेख अक्षयमल्लको रजतपत्र हो। रजतपत्रमा राजा अक्षय मल्लले यसो भनेका छन् : “सर्वकर अकर घालि रजत शासन करि अऋयाँ” (यात्री, पृ. ७३)। अर्थात् सबै कर हटाएर चाँदीको पातामा लेखी आदेश दिइएको छ। पृथ्वी मल्लले गुरु तथा ज्योतिषी गोल्हु जोइसीलाई जग्गादान दिँदा कुनै प्रकारको कर पनि नलाग्ने रकम पनि उठाउन नपाइने गरी बिर्ता दिएका छन्। कनकपत्रमा लेखिएको छ : ‘असेल म पनि आचंद्रास्थायी सर्ववाधा विनिर्मुक्त चतुःसीमापर्यन्त विशुद्ध सर्वकर अकर सर्वसेवा विरहित कनकपत्रकि भाषाकरि शासन दोहोलि करि गोहलु जोइसिँ पसा करि अक्न्याँ छु’ (नरहरिनाथ, २०१३, पृ. ५०)। अर्थात् अहिले म पनि चन्द्रसूर्य रहुन्ज्यालसम्मका लागि सबै बाधा व्यवधान हटाएर चारकिल्ला तोकी सेवाबापत गर्नुपर्ने कुनै पनि काम गर्नु नपर्ने बेहोरा जनाई सबै प्रकारका करहरू मिनाहा गरी कनकपत्रमा उल्लेख गरेर गोल्हु जोइसीलाई प्रसादस्वरूप जग्गादान दिएको छु भनिएको छ। कनकपत्रमा दंड, कुंड, मोड, अपुताली, मुडाली, पेटाली, चोरी, जारी, कर, कुत, जिउँ, कुडियो, झ्याँपा, गुँफ्या, कडितो, पाखो, उइडो, उहाडो, मानु, मुठो, बेठ, बाउलो, दुवाउँ, पिठायो, पोटलो आदि कर छाडिएको कुरा उल्लेख गरिएको छ। त्यस समयमा छत्तीस प्रकारका कर र बत्तीस प्रकारका रकम उठाउने चलन रहेछ। राजाले जग्गादान गर्दा कुनै पनि कर र रकम नलाग्ने व्यवस्था मिलाएको पाइन्छ।

### *भोगाधिकार*

पृथ्वी मल्लले कनक शासन प्रसारण गर्दा गोल्हु जोइसीका छोरा-नातिले पनि भोग गर्न पाऊन् भन्ने उल्लेख गरेका छन् “यस कनकपत्र भितरकि भाषा गोल्हु जोइसीका पुत नाति, भाइभतिजा, चेलीको चेलो आदि पाव” (खनाल, २०६८, पृ. ७०)। यस सृष्टिमा चन्द्रसूर्य रहुन्ज्यालसम्म दान दिइएको जग्गाको भोगाधिकार गोल्हु जोइसिका छोराछोरीका सन्तान दरसन्तानलाई रहने छ भनी पृथ्वी मल्लले कनकशासनमार्फत जग्गाको स्वामित्व हस्तान्तरण गरेका छन्।

### *राजाज्ञा नतोड्न कडा चेतावनी*

पृथ्वी मल्लले आफूले दान गरेको जग्गा कसैले कहिल्यै पनि हरण गर्न पाउने छैन भनी निर्देशन जारी गरेका छन्। यदि कसैले हरण गर्छ भने त्यसलाई राम्रो हुँदैन भनी चेतावनी दिएका छन् : ‘जो यो कनक पत्रभितर कि भाषा घाल घलाव षोस षोसाव सो आफ्ना द्यौपितर एकै सै पुरुषा कुंभीनरकघाल, ब्रह्मा विष्णु ईश्वर बुद्ध धर्म संघ एतिकै देव घादे जो एति षौकिया नमानि एस

कनकपत्रभितरकि भाषा घाल घलाव, एकै उपद्रव कर तासको बुवा गादह तासकि आमा सुंग्रि' ( नरहरिनाथ, २०१३, पृ. ५१) । अर्थात् जसले कनकपत्रमा लेखिएको कुरा मान्दैन, लत्याउँछ, दिएको जग्गा खोस्छ, खोस्न लगाउँछ, त्यसका देवपितृ एक सय पुर्खासम्म सबै कुम्भीपाक नरकमा पर्दछन् । ब्रह्मा, विष्णु, महेश्वर, बुद्ध, धर्म, संघ यति देवता साक्षी राखी गरिएको कुरा नमानी जसले कनकपत्रलाई लत्याउँछ वा कुनै एउटा उपद्रो गर्दछ, त्यसको बुबा गधा र आमा सुँगुर्नी हुनेछन् भनिएको छ। जसले यो नियम मान्छ वा पालना गर्छ त्यसले पुण्य प्राप्त गर्छ भनी लेखिएको छ। संस्कृतमा विभिन्न सूक्ति लेखी कनकशासन नतोड्न सचेत पारिएको छ ।

## *साक्षी र लेखक*

खससाम्राज्यका अभिलेखहरूमा राजाज्ञा जारी गर्दा उपस्थित साक्षी  र लेखकको नाम अभिलेखको अन्त्य भागातिर लेख्ने गरेको पाइन्छ । पृथ्वी मल्लको कनकपत्रमा प्रकृति तथा ईश्वर र पृथ्वीवासी मानिसहरूलाई साक्षी राखेको पाइन्छ । कनकपत्रमा यस्तो लेखिएको छ 'अत्र साक्षिणः । सूर्योचन्द्रमसौ ब्रह्माविष्णुमहेश्वराः बुद्ध धर्म संघः । भूमण्डल साक्षिणः । अछामि राउला, भर्ताकोटि राउला, विस्पति राउला, फैत्याल राउला, हिरू राउला, कुँवर भार, बलालचंद, अमु भँडारि, किदि थापा, इत्सकु जोइसि, संकरद्यौ भँडारि' (पोखरेल, २०४३, पृ. २९) । त्यसैगरी कनकपत्रका लेखक 'श्री शिवदेव पण्डित' लेखिएको पाइन्छ ।

## *मुदपात (छाप लगाएको पत्र)*

नेपाली अभिलेखहरूको अध्ययन गर्दा मुदपात (छाप) लागेको पहिलो नेपाली अभिलेख अशोक चल्लको ताम्रपत्र (वि.सं. १३१२) हो । ताम्रपत्रको पुछारमा (अशोक चल्ल) अङ्कित छाप लगाइएको पाइन्छ । पृथ्वी मल्लले पनि अग्रजको यस परम्परालाई पछ्याएका छन् । 'पृथ्वी मल्लको कनकपत्रमा दायाँतर्फ पुछारमा 'पृथ्वी मल्ल' अङ्कित चार कुने खड्गाङ्कित राजमुद्रा छ' ( खनाल, २०६८, पृ. ६९) । प्रशासनिक दृष्टिले आधिकारिक बनाइएको सुनका अक्षरले लेखिएको पृथ्वी मल्लको कनकपत्र उच्च कोटिको छ ।

## *भाषिक स्वरूप*

पृथ्वी मल्लको कनकपत्रमा प्रयुक्त प्राचीन नेपाली भाषा सरल, सुबोध र स्पष्ट रहेको पाइन्छ । निखरा शब्दको प्रयोग, व्याकरण नजन्मँदैको भाषिक रूप, भन्न खोजेको कुरा प्रस्टसँग बुझिने हुनाले भाषिक सामर्थ्यका हिसाबले पनि यो कनकपत्र महत्त्वपूर्ण रहेको छ ।

## निष्कर्ष

नागराजले पश्चिम नेपालको जुम्ला जिल्लाअन्तर्गतको सिंजाक्षेत्रलाई खसराज्यको राजधानी बनाई पूर्व-पश्चिम राज्यविस्तार गर्ने नीति लिए । राज्यविस्तार गर्न जनसाधारणलाई आफ्नो प्रभावमा राखी अघि बढ्दा सफलता पाइने देखेर नागवंशका राजाहरूले नेपाली (खस) भाषालाई प्रशासनिक मान्यता दिए । त्यही क्रममा खससाम्राज्यको नेतृत्व पृथ्वी मल्लको हातमा आइपुग्यो । पृथ्वी मल्लले मातहतका रजौटा तथा सामन्तहरूलाई जग्गामा लगाइने करहरू नउठाउन निर्देशन गरे। आफूलाई आखर पढाएका र चिना बनाई दिएका गुरु-ज्योतिषी गोल्हु जोइसीलाई कुनै प्रकारका कर नलाग्ने गरी गुरुदक्षिणास्वरूप जुम्ला आसपासका विभिन्न जग्गा कनकपत्रमार्फत राजाज्ञा प्रसारण गरी बिर्ता

दिए । यस आलेखमा पृथ्वी मल्लले प्रसारित गरेको कनकपत्र (१४१३) को वस्तुगत विश्लेषण गरिएको छ । वस्तुगत विश्लेषण गर्दा निम्न चरहरूलाई आधार मानिएको छ : बहुभाषिकता, कल्याणको कामना, प्रशस्ति, मातहतका प्रशासकलाई निर्देशन, ऐतिहासिकता/तिथिमिति, राजाज्ञा, मूल कथ्य (जग्गादान), पूर्वजप्रति सम्मान, आध्यात्मिक चेतना, कर मिनाह, भोगाधिकार, राजाज्ञा नतोड्न कडा चेतावनी, साक्षी र लेखक, मुदपात (छाप लगाएको पत्र), भाषिक स्वरूप । उक्त चरहरूका आधारमा मूल्याङ्कन गर्दा पृथ्वी मल्लको कनकपत्र ऐतिहासिक, सबैको कल्याण होस् भन्ने चाहना, आध्यात्मिक चेत, धार्मिक भावना, गुरु-पुरोहितप्रति उच्च सम्मान, प्रशासनिक दक्षता सम्पन्न शासक र जिम्मेवार राजनेताले जारी गरेको सर्वसाधारण नागिरकप्रति सचेतना जगाउने र मातहतका उच्च कर्मचारीलाई जिम्मेवार बनाउन सफल हुने राजाज्ञा देखिन्छ । दिएको जग्गामा करमिनाह, बिर्ता दिइएको जग्गामा पाउनेका सन्तानलाई भोगाधिकार, राजाज्ञा नतोड्न कडा निर्देशन, प्राकृतिक तथा मानवीय साक्षी, लेखकको नाम, जारी कनकपत्रमा मुदपात (छाप) लगाई प्रमाणित गरिएको, जग्गादान गर्दा आफ्ना पूर्वजहरूलाई सम्झिएको, जग्गादान गर्ने साठी हजार वर्षसम्म स्वर्गमा बस्न पाउने र जग्गा खोस्नेहरूले साठी हजार वर्ष कुम्भीपाक नरकको बास गर्नुपर्ने जस्ता कुरा उल्लेख गरेर पृथ्वी मल्लले आफूले गरेको कार्य सधैं रहिरहोस् भन्ने चाहेको देखिन्छ । पृथ्वी मल्लको कनकपत्र राजनीतिक, प्रशासनिक, सामाजिक, धार्मिक, आध्यात्मिक हिसाबले उत्कृष्ट भएको कुरा यस अध्ययनले पुष्टि गर्दछ । पैसाको अभावमा गुरुदक्षिणा पनि जग्गादान गरेर राजा महाराजाले गुरु, ज्योतिषीहरूलाई खुसी राख्ने गरेको तथ्यले प्रमाणित गर्दछ । हरेक कोणबाट महत्त्वपूर्ण रहेको पृथ्वी मल्लको कनकपत्रको वस्तुगत विश्लेषणमा आधारित यो आलेख नवीन, मौलिक र तथ्यमा आधारित छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, सूर्यमणि (२०४३), *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण,* नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

अधिकारी, सूर्यमणि (२०५५), *जुम्ला राज्यको इतिहास,* नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

खनाल, मोहनप्रसाद (२०३०), *मध्यकालीन अभिलेख,* लेखक ।

खनाल, मोहनप्रसाद (२०६८), *नेपाली भाषाका हजार वर्ष,* राइनो पब्लिकेसन प्रा.लि. ।

चालिसे, विदुर (२०७४), "अभिलेखीय नेपाली व्याकरणको इतिहास", *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास (पहिलो ठेली),* कमलमणि प्रकाशन, पृ. ३०५-५४९ ।

तिमिल्सिना, यमनाथ (२०६३), *अभिलेखीय नेपाली शब्दको अध्ययन,* शोधप्रबन्ध, विद्यावारिधि, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

नरहरिनाथ योगी (२०१३), *इतिहास प्रकाश अङ्क २ भाग १,* इतिहास प्रकाश सङ्घ ।

नरहरिनाथ योगी (२०२२), *इतिहास प्रकाशमा शोधपत्र सङ्ग्रह,* इतिहास प्रकाश सङ्घ ।

पोखरेल, बालकृष्ण (२०२०), *पाँच सय वर्ष,* जगदम्बा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०४३), *पाँच सय वर्ष* (तेस्रो संस्करण), साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०७५), *खस जातिको इतिहास* (दोस्रो संस्करण), फिनिक्स बुक्स ।

बन्धु, चूडामणि (२०२८), *कर्णाली लोकसंस्कृति भाग ४ (भाषा),* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

यात्री, पूर्णप्रकाश नेपाल (२०३४), *सेतीका तारा,* हिमाली सौगात प्रकाशन ।

यात्री, पूर्णप्रकाश नेपाल (२०३८), "नेपालीका पाँच ओटा अभिलेख", *वाणीसाधना,* नभ सङ्गम प्रकाशन, पृ. ७३-७४ ।

यात्री, पूर्णप्रकाश नेपाल (२०३९), "हालसम्म प्राप्त भएका मध्ये सर्वप्राचीन नेपाली अभिलेख, *पच्चीस वर्षका भाषिक चर्चा,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, पृ. ९६-१०० ।

वज्राचार्य, धनवज्र (२०३०), *लिच्छविकालका अभिलेख,* नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. कीर्तिपुर ।

सुवेदी, राजाराम (२०५६), *कर्णाली प्रदेशमा मध्यकालीन डोटी राज्य,* रणबहादुर वान्तवा राई ।